आज मिति २०७६।०८।१९ गते सोमवारका दिन यस दार्मा गाउँपालिका अध्यक्ष श्री निम बहादुर के.सी.ज्यूको अध्यक्षतामा दार्मा गाँउ कार्यपालिकाको बैठक यस दार्मा गाउँपालिकाको कार्यालयमा तपसिल बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिमका प्रस्तावहरुमा छलफल भई देहाय बमोजिमका निर्णयहरु पारित गरियो ।

**उपस्थिति :**

| | |
|---|---|
| १. श्री निम बहादुर के.सी. | अध्यक्ष, दार्मा गाउँपालिका |
| २. श्री टीका शर्मा वली | उपाध्यक्ष, दार्मा गाउँपालिका |
| ३. श्री खुमबहादुर के.सी. | निमित्त प्रमुख प्रशासकीय अधिकृत |
| ३. श्री कविकुमार चन्द | वडा नं. १, वडा अध्यक्ष |
| ४. श्री डिल्ली बहादुर के.सी. | वडा नं. २, वडा अध्यक्ष |
| ५. श्री सेतिराम रोकाहा | वडा नं. ३ ,वडा अध्यक्ष |
| ६. श्री चन्द्र बहादुर रावत | वडा नं. ४, वडा अध्यक्ष |
| ७. श्री राम बहादुर के.सी. | वडा नं. ५, वडा अध्यक्ष |
| ८. श्री दुर्गा बहादुर मल्ल | वडा नं. ६, वडा अध्यक्ष |
| ९. श्री पुतला खड्का रोकाय | कार्यपालिका सदस्य |
| १०. श्री अमृता कामी | कार्यपालिका सदस्य |
| ११. श्री सन्ताराम कामी | कार्यपालिका सदस्य |
| १२. श्री मञ्जु शाही | कार्यपालिका सदस्य |
| १३. श्री जुना मल्ल चन्द | कार्यपालिका सदस्य |
| १४. श्री देवी खत्री | कार्यपालिका सदस्य |
| १५. श्री धनिराम नेपाली | कार्यपालिका सदस्य |
| १६. श्री दिपक कवँर | लेखापाल |
| १७. श्री किरण गौतम | रोजगार संयोजक |
| १८. श्री जितबहादुर वली | खरिदार |

**छलफल गरिएका विषयहरु/प्रस्तावहरु**

१. ढुङ्गा, गिट्टी, बालुवा निकासी सम्बन्धमा ।

२. प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि योजना छनौट सम्बन्धमा ।

३. जग्गा प्राप्तिका लागि सूचना सम्बन्धमा

४. एकीकृत वस्ती विकासका लागि स्थान छनौट सम्बन्धमा ।

५. गाउँपालिका तथा जिल्ला प्रहरी कार्यालयको सूचना प्रकाशन सम्बन्धमा ।

## निर्णयहरु :

१. **प्रस्ताव नं. १** माथि छलफल गर्दा गाउँपालिकाको दार्मा खोला र मासुगार खोला एवं आसपासका क्षेत्रबाट ढुङ्गा, गिट्टी, बालुवा (दहत्तर, बहत्तर) निकासीका लागि बोलपत्र आह्वानसम्बन्धी सूचना तेस्रो पटक प्रकाशित गर्दा समेत कसैको पनि टेण्डर नपरेको हुँदा यस आर्थिक वर्षका लागि ढुङ्गा, गिट्टी, बालुवा निकासीको लागि ट्याक्टर प्रति ट्रिप रु. ३००।- (अक्षरुपी तीन सय रुपैयाँ) र टिप्पर प्रतिट्रिप रु. ५००।- (अक्षरुपी पाँच सय रुपैयाँ) का दरले आन्तरिक राजश्व रसिद काटी निकासी गर्न दिने निर्णय गरियो । निर्णय बिपरीत कसैले ढुङ्गा, गिट्टी, बालुवा आदि निकासी गरेको पाइएमा निकासीमा संलग्न गाडी नियन्त्रणमा लिई ट्रेक्टरलाई रु. १५,०००।- (अक्षरुपी पन्ध्र हजार रुपैयाँ) र टिप्परलाई रु. २५,०००।- (अक्षरुपी पच्चीस हजार रुपैयाँ) जरिवाना गरी छाड्ने निर्णय गरियो ।

२. **प्रस्ताव नं. २** माथि छलफल गर्दा नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय प्रधानमन्त्री रोजगार कार्यक्रमबाट स्थानीय तहमा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनका लागि आयोजनाको प्रस्ताव माग भए बमोजिम गाउँपालिकाका तपसिल बमोजिमका वडाहरुमा तपसिल बमोजिमका योजना छनौट गर्ने निर्णय गरियो । छनौट गरिएका योजनाहरुलाई प्राविधिकहरुबाट लागत अनुमान गरी पठाउने निर्णय गरियो ।

| क.सं. | आयोजनाको नाम | कैफियत |
|---|---|---|
| **वडा नं. १** | | |
| १. | मैदान-पैयाँडाँडा-भदालेखोला सडक स्तरबृद्धि | |
| २. | मैदान-दार्मकोट मन्दिर पदमार्ग निर्माण | |
| ३. | मङ्गलपानी-बराहथान राष्ट्रिय मा.वि. खानेपानी निर्माण | |
| **वडा नं. २** | | |
| १. | गाङ्गेखोला-झ्यारिबाङ सडक स्तरबृद्धि | |
| २. | मौलेखाली-सिलिङ्गी सडक स्तरबृद्धि | |
| ३. | भुवनटाकुरी-ओजाबाङ पदमार्ग निर्माण | |
| ४. | करारुख-नेटापिपल-बाँझाकमद सिचाई नहर निर्माण | |
| ५. | झ्यारिबाङ-दार्मकोट स्वास्थ्य चौकी पदमार्ग निर्माण | |
| **वडा नं. ३** | | |
| १. | सतिपोले-ढाँरपिपल-फारुला-बुढाकाफल-भातमारे सडक स्तरबृद्धि | |
| २. | लेखागाउँ महिला भवन निर्माण | |
| ३. | पुरेसोती-फारुला-बोजारी सिचाई कुलो निर्माण | |
| ४. | चम्फुटाकुरा-धुलेखर्क-भातमारे-बसेरी पदमार्ग निर्माण | |
| **वडा नं. ४** | | |
| १. | मौलाहाले-रतिखोला-मसानघाट पदमार्ग निर्माण | |
| २. | रातामाटा तल्लो गलाँत मोटरबाटो निर्माण | |
| ३. | भल्वौर चिसाखोला पदमार्ग निर्माण | |
| ४. | ज्ञानपुञ्ज प्रा.वि. शौचालय निर्माण | |
| ५. | मालिका पर्यटन पदमार्ग निर्माण | |

| | | |
|---|---|---|
| **वडा नं. ५** | | |
| १. | बुराँसेखोली-उम्मेको ढुङ्गा सिचाईं कुलो निर्माण | |
| २. | जलेखर्क-ढाकाडामकोट मोटरबाटो स्तरबृद्धि | |
| ३. | सेरागार कुलो निर्माण | |
| ४. | जुगेपानी-टाकुरा सिचाईं कुलो निर्माण | |
| **वडा नं. ६** | | |
| १. | सिमखोली-भूर्तिबाङ-पातीहाल्ना-फारुला सडक स्तरबृद्धि | |
| २. | सतिपोले-बाघखोर-सेताढाँर सडक स्तरबृद्धि | |
| ३. | ज्यामिरे सिम्लापाखा सिचाईं योजना निर्माण | |
| ४. | मलिवाङ गुफा पदमार्ग निर्माण | |

३. **प्रस्ताव नं. ३** माथि छलफल गर्दा इलाका प्रहरी कार्यालय दार्माका लागि आवश्यक जग्गा दान गर्नका लागि पूर्वमा ढाँरपिपल, पश्चिममा कालेखोला, दक्षिणमा मासुगार डाँडा र उत्तरमा थुम्केसल्लीभित्र जग्गा रहेका जग्गाधनीहरुलाई जग्गादान गर्न सूचना प्रकाशित गरी आह्वान गर्ने निर्णय गरियो ।

४. **प्रस्ताव नं. ४** माथि छलफल गर्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०७६/०८/१७ गतेको चलानी नं. १०७९ पत्रअनुसार एकीकृत बस्ती विकास गरी स्थानान्तरण गरिनु पर्ने जोखिमयुक्त बस्तीमध्ये दार्मा गाउँपालिका वडा नं. २ को साउगाउँलाई वडा नं. २ कै स्वाँरा र गैराखेतमा स्थानान्तरण गर्नको लागि बस्ती छनौट गरी पठाउने निर्णय गरियो ।

५. **प्रस्ताव नं. ५** माथि छलफल गर्दा दार्मा गाउँपालिका र जिल्ला प्रहरी कार्यालयद्वारा आपतकालीन नम्बरहरुको सूचीसहितको सूचना 'सूचना प्रकाशन तथा छपाई' शीर्षकबाट प्रकाशित गर्ने निर्णय गरियो ।